मिति २०८३।०६।१३ गतेका दिन ठीक ११:०० बजे बसेको निस्दी गाउँपालिकाको ११९औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु

१. समिक्षा तथा रिपोर्टिङ्ग सम्बन्धमा ।
२. आ.व.२०८२।०८३ को बाँकी भुक्तानी सम्बन्धमा ।
३. शिक्षा (दशौं संशोधन) नियमावली कार्यान्वयन सम्बन्धमा ।
४. सार्वजनिक खरिद (सोह्रौं संशोधन) नियमावली कार्यान्वयन सम्बन्धमा ।
५. आय ठेक्का सम्बन्धमा ।
६. माग आकृति फाराम सम्बन्धमा ।
७. विज्ञापन सम्बन्धमा ।
८. आधारभूत अस्पताल सञ्चालन अनुमति तथा अनुदान माग सम्बन्धमा ।
९. विविध।

मिति २०८३।०६।१३ गते बसेको निस्दी गाउँपालिकाको ११९ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१. गत गाउँ कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे समिक्षा गर्नुका साथै सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत ,उपाध्यक्ष साथै अध्यक्षबाट वडा कार्यालय तथा गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गरियो ।

२.गत आ.व.२०८२।०८३ मा बजेट नपुग,बजेट खर्च कम लेखिएको साथै विविध प्राविधिक कारणले गर्दा देहाय बमोजिम भुक्तानी दिन बाँकीको खाता तथा कच्चाबारीको आधारमा भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

३. शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा नेपाल राजपत्रमा मिति २०८३।०३।२५ मा प्रकाशित भएको शिक्षा (दशौं संशोधन) नियमावली,२०८३ मा भएका व्यवस्थाहरुलाई यस निस्दी गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा अनिवार्य रुपमा कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

४.मिति २०८३।०५।०३ मा नेपाल राजपत्रमा प्रकाशित सार्वजनिक खरिद (सोह्रौं संशोधन)नियमावली,२०६४ मा भएका व्यवस्था बमोजिम खरिद प्रक्रिया अनिवार्य रुपमा कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

५.निस्दी गाउँपालिका अन्तर्गतका देहायका घाटहरुबाट ढुङ्गा,गिट्टी,बालुवा जस्ता नदिजन्य पदार्थ संकलन तथा बिक्रीको लागि आय ठेक्का आह्वान गर्ने सर्वसम्मत निर्णय गरियो ।

क्र.सं.	घाट	ठेगाना
१	भोटाहा (सिमल रुख माथिको क्षेत्र)	वडा नं.१ कालीगण्डकी नदि
२	कोदार खोला दोभान	वडा नं.२ निस्दी दोभान

६.प्रदेश लोक सेवा आयोग,लुम्बिनी प्रदेश,बुटवलको च.नं. २२६,मिति २०८३।०५।३१ को पत्रानुसार यस निस्दी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गतका कार्यालयहरुमा रहेको

नेपाल सरकारबाट स्वीकृत दरबन्दी तेरिजको आधारमा रिक्त पदको माग आकृति फाराम भरी प्रदेश लोक सेवा आयोग,लुम्बिनी प्रदेश,बुटवलमा पठाउने सर्वसम्मत निर्णय गरियो ।

७.यस निस्दी गाउँपालिका वडा नं.३ अन्तर्गत काउले वनका हेरालु(करार) लाल बहादुर थापाले राजिनामा दिई स्वीकृत भएकोले कबुलियती काउले वन क्षेत्रभित्रका आवेदकलाई विशेष प्राथमिकता दिने गरी करारमा वन हेरालु छनोटको लागि गाउँ कार्यपालिकाको कार्यालय मार्फत विज्ञापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

८.यस निस्दी गाउँपालिकामा नव निर्मित १५ शैया अस्पताल/निस्दी आधारभूत अस्पताल भवन निर्माणको कार्य सम्पन्न भई हस्तान्तरण समेत भएकोले उक्त आधारभूत अस्पताल सञ्चालनको लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा अनुमति र अनुदानको लागि आवश्यक प्रक्रिया पुर्याई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

९.देहायका विविध विषयहरुमा छलफल गरी देहाय बमोजिम सर्वसम्मत निर्णय गरियो ।

क.पालिकाको एउटामात्र मेसिन भएकोले सबै वडाहरुमा एकै पटक मर्मत गर्न नसकिने हुँदा मोटर बाटो मर्मत शीर्षकबाट भुक्तानी हुने गरी मेसिन भाडामा लिई मोटरबाटो मर्मत कार्य सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख.यस निस्दी गाउँपालिका अन्तर्गत देहाय बमोजिमको स्थानीय बजार व्यवस्थापन/अनुगमन तथा उपभोक्ता हित संरक्षण समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

संयोजक - गा.पा.उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ
सदस्य -४ नं.वडा अध्यक्ष(कार्यपालिका सदस्य) श्री सन्तवीर सुनारी
सदस्य- जिल्ला प्रशासन कार्यालयको प्रतिनीधि
सदस्य -उद्योग वाणिज्य संघको प्रतिनीधि श्री प्रितम आले
सदस्य - स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनीधि
सदस्य सचिव - वरिष्ठ प्रशासन सहायक श्री अक्लेश्वर नाथ चौधरी

म.ले.प.फारम नं.२२१
साबिकको फारम नं.१८

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मित्याल, पाल्पा
कार्यालय कोड नं. ८०१०५५००४
भुक्तानी दिन बाँकीको खाता तथा कच्चाबारी

आर्थिक वर्ष : ०८२/८३

उपशीर्षक नं.

ायित्व ना भएको मिति	कारोबार संकेत नं.	खर्च उपशीर्षक	कार्यक्रमको नाम	कारोबारको संक्षिप्त व्यहोरा	भुक्तानी पाउनेको नाम	भुक्तानी दिन बाँकी रकम	भुक्तानी बाँकी रहनुको कारण
१	२	३	४	५	६	७	८
३/०३/२५			लेन्थमेन (वडा नं ३)		लेन्थमेन १० जना	२१००००	शुत्र सिस्टममा समस्याका कारण।
३/०३/२५			मित्याल सामुदायिक सिकाई अध्ययन केन्द्र		मित्याल सामुदायिक सिकाई अध्ययन केन्द्र	१०००००	बजेट खर्च कम लेखिएको।
३/०३/२५			१५ शैया अस्पताल		प्राकृतिक/रविना जेभी	२१७४०२३	बजेट नपुग भएको कारण।
३/०३/२५			गाडी भाडा		६ नं वडा	८०००	शुत्र सिस्टममा समस्याका कारण।
३/०३/२३			असहाय महिला सहायता कार्यक्रम		पौड्याल ढाका कपडा उद्योग	६१५१७	शुत्र सिस्टममा समस्याका कारण।
३/०३/२३			असहाय महिला सहायता कार्यक्रम		पोखरेल स्टेशनरी तथा विविध सप्लायर्स	८४१२	शुत्र सिस्टममा समस्याका कारण।
					जम्मा	२५६१९५२	

ोक व्यहोरा ठिक छ भनी

र गर्नेको सही :
ति :
सरोज कामरेड
वरिष्ठ लेखा अधिकृत

कार्यालय प्रमुख/ प्रमाणित गर्नेको सही :
मिति :
पूर्ण बहादुर खितोर
वरिष्ठ प्रशासकीय अधिक

गाउँपालिका अध्यक्षको सही :
मिति :
मुक्त बहादुर सारु
अध्यक्ष